# तपाईंको इन्टरनेट कार्ड कसरी प्रयोग गर्ने

## 1. तपाईंको कार्ड सक्रिय गर्नुहोस् - आवश्यक


तपाईंले आफ्नो कार्ड सक्रिय गर्दा, $360.45 प्रयोगको लागि तत्काल उपलब्ध हुनेछ। **855-274-9934** मा कल गर्नुहोस् र तपाईंको 16 अङ्कको कार्ड नम्बर, कार्डको समयावधि समाप्त मिति ("सम्म मान्य" र महिना / वर्षको रुपमा चिनिने); र तपाईंको कार्ड पछाडिको सुरक्षा कोड प्रविष्ट गर्नुहोस्। उदाहरण हेर्नुहोस्।

आफ्नो व्यक्तिगत जानकारी नम्बर (PIN) सेट गर्नुहोस् र भविष्यको कारोबारहरूको लागि नम्बरको नोट गर्नुहोस्। अरू कसैले तपाईंको कार्ड वा PIN प्रयोग गरेर अनधिकृत खरीदहरू गरेमा पोर्टल्याण्डको शहरले गुमाएको रकमको शोधभर्ना गर्न सक्दैन। तपाईंको PIN फोनमा परिवर्तन गर्न सकिन्छ।




कार्ड नम्बर

म्याद समाप्त हुने मिति





सुरक्षा संकेत

## 2. तपाईंको कार्ड दर्ता गर्नुहोस्

दर्ता गर्नको लागि, तपाईंको नाम र ठेगाना सुरक्षित रूपमा बैंकलाई **www.usbankrewardscard.com/web/usbankcorporaterewards/login** वा -274-993454 मा प्रदान गर्नुहोस्।

यो इन्टरनेट, फोन र मेल लेनदेनको लागि आवश्यक छ, तर व्यक्तिगत किनमेलको लागि यो वैकल्पिक हो। किनभने धेरै विक्रेताहरूले तपाईंले कार्डसँग सम्बन्धित बैंकलाई प्रदान गर्नुभएको जानकारीसँग जाँच गर्छन्। तपाईं COVID-19 को संसर्गमा आउने जोखिम रोक्नको लागि दर्ता गर्ने कुरामा विचार गर्नुहोस्।

बैंकले तपाईंको व्यक्तिगत जानकारीलाई कसरी ह्याण्डल गर्छ भनेर जान्नको लागि, तिनीहरूको गोपनीयता नीतिलाई **www.usbank.com/about-us-bank/privacy** मा हेर्नुहोस्।




शुरुवात गर्नको लागि 16-अंकको कार्ड नम्बर प्राप्त प्रविष्ट गर्नुहोस्

## 3. पैसा कसरी खर्च गर्ने भनेर निर्णय गर्नुहोस्


तपाईंले इन्टरनेट कनेक्टिभिटी प्रविधिको आवश्यकताको लागि कोषहरू प्रयोग गर्ने वाचा गर्नु भएको कुरा याद राख्नुहोस्।

तपाईं आफ्नो कार्ड पुन: लोड गर्न वा बेच्न सक्नुहुन्न, न त यसलाई ATM बाट पैसा झिक्नको लागि प्रयोग गर्न सक्नुहुन्छ। तपाईं यसलाई भुक्तान गर्न वा पूर्व भुक्तान गर्न प्रयोग गर्न सक्नुहुन्छ। तपाईंको कार्ड सम्झौता पढ्नुहोस्। साइन इन गरेर तथा आफ्नो कार्ड प्रयोग गरेर तपाईं यसका शर्तहरू स्वीकार गर्दै हुनुहुन्छ।

**भुक्तान गर्नुहोस् -** तपाईंले सेवाको बील प्राप्त गर्नु भएपछि, वा आवश्यकता अनुसार आफ्नो रकम भुक्तान गर्नको लागि प्रयोग गर्नुहोस्।

**पूर्व भुक्तान -** विक्रेताले अनुमति दिएमा, विभिन्न बीलका चक्रहरू समेट्नको लागि भुक्तान विधि सेट अप गर्नुहोस्। यसको अर्थ तपाईंले कार्डको मूल्यसम्म अगाडि नै तिर्नुहुनेछ, जसको अर्थ सामान्यतया तपाईं एकल लेनदेनमा कार्डको मूल्य प्रयोग गर्न सक्नुहुनेछ।

बीलको भुक्तान वा बीलको पूर्व भुक्तान एक विद्यमान वा हालको इन्टरनेट जडानको बील र / वा नयाँ सेवाको लागि हुनसक्छ।




यहाँ थप जानकारी छ

*तपाईं आफ्नो हालको आवश्यकताको आधारमा तपाईंको कार्ड स्वीकार गर्ने पहुँचयोग्य इन्टरनेट सेवाहरूको बारेमा जानकारी चाहनुहुन्छ भने तालिम स्रोतहरू यहाँ हेर्नुहोस् :*

**www.smartcitypdx.com/covid-19-digital-divide-response**

# इन्टरनेट कार्डहरू
# बारम्बार सोधिने प्रश्नहरू

**प्र: यो कस्तो प्रकारको कार्ड हो?**

उ: यो एक पुन:लोड गर्न नसकिने, भिसा डेबिट कार्ड हो (क्रेडिट होइन)। यसको नामको विपरित, यो कुनै पुरस्कार कार्यक्रमसँग सम्बद्ध छैन।

**प्र: मेरो कार्डको समयावधि कहिले सकिन्छ?**

उ: **तपाईंको कार्ड समयावधि समाप्त हुने मितिमा महिनाको अन्तिम दिनसम्म मान्य छ ।** तपाईंको कार्ड जारी भएको बाह्र महिनापछि यसमा भएको रकम नसकिएसम्म प्रत्येक महिना $3 को शुल्क लगाइनेछ। रकम सकिएपछि यो रोकिनेछ।

**प्र: के मेरो कोषको म्याद सकिन्छ?**

उ: हो। **तपाईंको खातामा तीन वर्षसम्म निष्क्रिय भएमा सरकारलाई कोष फिर्ता गर्न सकिन्छ** यस प्रक्रियालाई एस्चिटमेन्ट भनिन्छ। तपाईंको कार्ड सम्झौतामा शुल्कको बारेमा थप पढ्नुहोस्।

**प्र: मैले मेरो कार्ड कहाँ प्रयोग गर्न सक्छु?**

उ: तपाईंको कार्ड संयुक्त राज्य अमेरिका र कोलम्बियाको जिल्लाभित्र भिसा डेबिट कार्डहरू स्वीकार गर्ने कुनै पनि खुद्रा विक्रेताकोमा प्रयोगको लागि उपलब्ध छ।

**प्र: के कार्डमा मैले तिर्नुपर्ने गरि ऋणात्मक ब्यालेन्स हुन सक्छ?**

उ: **यसको सम्भावना छैन**, किनभने कार्डमा उपलब्ध ब्यालेन्स भन्दा ठूलो रकमको कुनै पनि लेनदेन अस्वीकार गरिनेछ।

**प्र: कार्डले मैले चाहेको किनमेलको पूरा रकम कभर गर्न नसकेमा के हुन्छ?**

उ: **कारोबारलाई** बाँकी रहेको ब्यालेन्स र भुक्तानीको अर्को प्रकारको बीचमा **विभाजन गर्नको लागि व्यापारीलाई भन्नुहोस् ।** उनीहरूले कति झिक्नुपर्छ भनेर तपाईंले संकेत गर्नुपर्छ।

**प्र: मसँग कति बाँकी (ब्यालेन्स) छ भनेर कसरी जाँच गर्न सक्छु?**

उ: फोन| **1-855-274-9934**
अनलाइन | **www.usbankrewardscard.com**

**प्र: मैले हराएको वा चोरी भएको कार्डको कहाँ रिपोर्ट गर्न सक्छु?**

उ: 855-274-9934 मा तुरुन्त फोन गर्नुहोस्। **सट्टामा दिइने कार्डहरू $15** का हुन् र यो शुल्क कुनै पनि बाँकी रहेको ब्यालेन्सबाट घटाइन्छ। कृपया तपाईंको कार्ड र PIN को जानकारी सुरक्षित राख्नुहोस्। तपाईंले आफ्नो नाम, कार्ड नम्बर, र सम्बन्धित कारोबारको ईतिहास दिनुपर्ने हुन्छ।

**प्र: म अशक्त छु, के म बैंकमा फोन गर्न सक्छु?**

उ: **सक्नुहुन्छ**, तिनीहरूले रिले कलहरू स्वीकार गर्छन्।

**प्र: बैंकले कस्तो गैर-अंग्रेजी सुविधाहरू प्रस्ताव गर्छ?**

उ: कार्ड सेवा विभागले फोनमा स्पेनिश भाषाको विकल्पहरू समावेश गर्छ। US बैंक फोन एपले तपाईंलाई स्पेनी भाषामा तपाईंको अनुभव निजीकृत गर्न अनुमति दिन्छ, तर सबै जानकारीहरू उपलब्ध छैनन्। **भाषा/सांस्कृतिक रूपमा विशिष्ट समर्थन उपलब्ध नभएको खण्डमा, तपाईंलाई कार्ड दिने संस्थासँग परामर्श गर्नुहोस्।**

## प्रश्नहरू छन्?

थप सहयोगको लागि, हामीलाई **connectingportland@portlandoregon.gov** मा सम्पर्क गर्नुहोस्